स्थापना.२०४५सन १९८८ का.जि.द.न.१४९।०५३।०५४

# नेपाल मानव अधिकार संगठन
## Human Rights Organisation of Nepal

केन्दीय कार्यालय, अनामनगर, काठमाण्डौं (Central Office, Kathmandu)

मिति- २०७४ /३/ २१

### शरणार्थीलाई धार्मिक कार्यक्रम गर्न नदिएको प्रति खेद

नेपालमा विगत ५५ वर्षदेखि तिब्वती शरणाथी वस्दै आएका र उनीहरुले वर्षको एक पटक आफ्ना धर्मगुरु दलाई लामाको जन्मोत्सव विशेष कार्यक्रमका साथ मनाउने गर्दछन् । यस पटक आज असार २१ गते उहाँको जन्मदिन शरणार्थीहरुले सञ्चालन गर्दै आएको  नाम्ग्याल स्कूलमा मनाउने जानाकारी प्राप्त भएको थियो । सो स्थान खुलाएर जन्मोत्सव मनाउन जिल्ला प्रशासन कार्यालय काठमाण्ठौमा लिखित निवेदन दिएकोमा प्रमुख जिल्ला अधिकारीले सार्वजनीक स्थानमा कार्यक्रम गर्न अनुमति दिन नसकिने वताउदै आफ्नो गुम्वा वा घरमा गर्न मोखिक आग्रह र अनुमति प्रदान गरेका थिए ।

प्रमुख जिल्ला अधिकारीको आग्रह अनुसार शरणार्थीहरुले पूर्व घोषित स्थान परिवर्तन गरी स्वयम्भूको गुम्वामा कार्यक्रम आयेजना गरेकोमा आज विहान ९.०० वजे प्रहरी हस्ताक्षेप भई मञ्च र त्यँहा राखिएको तस्विरसमेत हटाईएको घटना प्रति संगठनको ध्यानाकर्षण भएको छ । धार्मीक कार्यक्रम सञ्चालन गर्न नदिईएको यो घटना मानव अधिकारको विश्वव्यापी घोषणापत्र, आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार सम्वन्धी महासन्धी र नेपालको सविंधानमा प्रदत्त मौलिकहकको भावनाको प्रतिकुल छ । अत संगठन उक्त कार्यप्रति दुःख प्रकट गदै आँउदा दिनमा नेपालमा वसोवास गर्ने सवै शरणार्थीहरुको न्यूनतम मानव अधिकार प्रत्याभूत गर्न नेपाल सरकार समक्ष अपील गर्दछ ।

ईन्द्र प्रसाद अर्याल
अध्यक्ष